# संकटा र आर्मीको सुखद सुरुआत

**संकटाको जितमा चारमध्ये तीन गोल विदेशी खेलाडीले गरे । म्यानमारकी विन थेइङ्गी तुन, मोजाम्बिककी लुसिया जोस र घानाकी क्विनाबेल अकुसुआले गोल गरे । थप एक गोल सुक्रिया मियाले गरेकी हुन् ।**

काठमाडौं, चैत ४ (नागरिक)- चार विदेशी खेलाडीको साथमा संकटा र विभागीय टोली त्रिभुवन आर्मी क्लबले एन्फा सहिद स्मारक महिला लिगमा सुखद सुरुआत गरेका छन् ।

ललितपुरस्थित च्यासल स्टेडियममा बुधबारदेखि भएको महिला लिगमा संकटा र आर्मीले फराकिलो जित निकाल्दै प्रतियोगितामा सुखद सुरुआत गरेका हुन् । पहिलो खेलमा संकटाले छिमेकी क्लब न्युरोड टिम (एनआरटी) माथि ४-० को रबाफिलो जित आत्मसात् गर्‍यो । संकटाको

**सहिद स्मारक महिला लिग**

जितमा चारमध्ये तीन गोल विदेशी खेलाडीले गरे । म्यानमारकी विन थेइङ्गी तुन, मोजाम्बिककी लुसिया जोस र घानाकी क्विनाबेल अकुसुआले गोल गरे । थप एक गोल सुक्रिया मियाले गरेकी हुन् । विदेशी खेलाडी चम्किएपछि संकटा पूर्ण हाबी भयो । अर्को खेलमा विभागीय टोली आर्मीले झापा एफसीमाथि ५-० को एकपक्षीय जित निकाल्यो ।

आर्मीका अञ्जना थुलुङ राईले दुई तथा दीपा शाही, हिमा चौधरी र तुलसा बोहोराले समान एक गोल गरे । झापाले चुनौती दिने प्रयास गरे पनि सफल भएन । झापाले खेलको ५६औं मिनेटसम्म आर्मीलाई रोकेको थियो । तर, त्यसपछि थकित देखिएको झापाले एकपछि अर्को गोल बेहोर्‍यो । झापाले खेल अवधिभर एउटा पनि राम्रो अवसर सिर्जना गर्न सकेन । यद्यपि, सुरुआतमा झापाको रक्षात्मक रणनीति आर्मीका लागि चुनौती बन्यो । यसले खेलको पहिलो हाफ गोलरहित बराबरीमा नै सकियो । आर्मीको एकपछि अर्को अवसर सिर्जना अफसाइड ट्ब्रापमा पर्‍यो । आर्मीका प्रशिक्षक राजु तामाङले दोस्रो हाफमा रणनीति परिवर्तन गरे ।

उनले चन्द्रा भण्डारीको स्थानमा तुलसा बोहारा र विमला चौधरीको स्थानमा सपना लामालाई मैदान प्रवेश गराए । यसपछि आर्मीले बल पोसेसन राख्दै झापामाथि लगातार दबाब बनाउन थाल्यो । ५७औं मिनेटमा दीपाको गोलबाट आर्मीले अग्रता लिन सफल भयो । मध्य भागबाट दीपा राईले दिएको पास सदुपयोग गर्दै दीपाले अग्रता दिलाएकी हुन् । उनले करिब १५ यार्डबाट झापाकी गोलकिपर सुजता तामाङ अगाडि बढेको अवस्थामा बललाई जाली चुमाइन् । यो गोलपछि झापा दबाबमा पर्‍यो । यसको फाइदा उठाउँदै आर्मीले दोस्रो गोल गर्‍यो । ६८औं मिनेटमा हिमाले गोल गर्दै आर्मीलाई २-० ले अगाडि बढाइन् । थ्रो बललाई सदुपयोग गर्दै उनले पेनाल्टी बक्सभित्रबाट गोल गरेकी हुन् ।

अन्तिम १० मिनेट झापाको डिफेन्स लाइन निकै खराब रह्यो । यस क्रममा आर्मीले तीन गोल थप्यो । ८०औं मिनेटमा जेनिफर रानाको स्थानमा अञ्जना थुलुङ राई मैदान प्रवेश गरिन् । अञ्जनाले आफ्नो प्रभाव छाड्दै दुई गोल गर्न सफल भइन् । ८६औं मिनेटमा अञ्जनाले गोल गर्दै आर्मीलाई ३-० ले अगाडि बढाइन् । लेफ्ट साइडबाट दीपा शाहीले दिएको क्रस सदुपयोग गर्दै अञ्जनाले वान टचमार्फत बललाई जाली चुमाएकी हुन् । ९०औं मिनेटमा झापाका गोलकिपर सुजाताको गल्तीमा आर्मीले चौथो गोल गर्‍यो । सञ्जु कुमालको थ्रु बल नियन्त्रणमा लिँदै अञ्जनाको फितलो प्रहार सुजाताले हातबाट फुत्काइन् । इन्जुरी समयमा तुलसाले गोल गर्दै आर्मीलाई ५-० को जित दिलाइन् । यससँगै झापाले फराकिलो हारबाट लिगको सुरुआत गर्‍यो ।

बुधबारदेखि च्यासल रंगशालामा सुरु भएको लिगमा तीन विभागीय टोलीसहित कुल ९ क्लबले प्रतिस्पर्धा गर्दै छन् । घरेलु प्रतियोगितामा सबैभन्दा बलियो दाबेदार रहँदै आएको एपिएफ डिफेन्डिङ च्याम्पियन हो । तर, यसपल्ट एपिएफलाई अन्य दुई विभागीय टोली नेपाल पुलिस, आर्मी र संकटाले चुनौती दिन सक्ने अनुमान गरिएको छ । वैशाख १२ गतेसम्म सञ्चालन हुने लिग सिंगल राउन्ड रोबिन पद्धतिमा हुँदै छ । एन्फाले सुरुवातमा १० टोली सहभागी हुने उल्लेख गरेको थियो । वालिङ नगरपालिकाले आर्थिक कारण देखाउँदै नाम फिर्ता लिएपछि एन्फाले राप्ती एफसीलाई समावेश गर्ने निर्णय गरेको थियो । तर, अन्तिम समयमा अन्य क्लबहरूको विरोधपछि राप्तीलाई अयोग्य ठहर गर्दै लिगमा ९ टोली मात्र सहभागी गराइएको हो । एन्फाले यस प्रतियोगिताको पुरस्कार रकमबारे भने जानकारी दिएको छैन ।


झापा एफसीकी कप्तान सुनकला राईलाई रोक्ने प्रयासमा आर्मीकी विमला चौधरी । *तस्बिर : एन्फा*

# पाँच गल्फरको संयुक्त अग्रता

पोखरा, चैत ४ (नागरिक)- एमेच्योर राहुल विश्वकर्मासहित पाँच गल्फरले सूर्य नेपाल वेस्टर्न ओपनको २६औं संस्करणमा पहिलो दिन संयुक्त रूपमा अग्रता लिएका छन् ।

सूर्य नेपाल गल्फ टुर २०२५-२६ अन्तर्गत यो पाँचौं प्रतियोगिता हो । पोखरामा सुरु भएको प्रतियोगिताको पहिलो दिन बुधबार एमेच्योर राहुलसँगै प्रोफेसनल गल्फर शुक्रबहादुर राई, भुवन नगरकोटी, भूबहादुर गुरुङ र जयराम श्रेष्ठले शीर्ष स्थानमा संयुक्त रूपमा अग्रता लिएका हुन् । यी पाँचैले इभन पार ६९ को स्कोरमा पहिलो दिनको खेल पूरा गरे । एक ओभर ७० को स्कोरमा सञ्जय लामा छैटौं, दुई ओभर ७१ को स्कोरमा रमेश अधिकारी सातौं र र तीन ओभर ७२ सहित भुवनकुमार रोक्का आठौं स्थानमा छन् । रवि खड्का र प्रदीपकुमार लामाले संयुक्त रूपमा नवौं स्थान बाँडे । यी दुईले चार ओभर ७३ स्कोर बटुले ।

हिमालयन गल्फ कोर्समा शुक्रले फ्रन्ट नाइन दुई ओभर ३६ मा सकाए । ब्याक नाइनमा समालिँदै उनले दुई अन्डर ३३ मा खेले । एमेच्योरतर्फ राहुलले पाँच स्ट्रोकको अग्रता बनाए । प्रज्वल गुरूङ पाँच ओभर ७४ सहित दोस्रो स्थानमा छन् । नेपाल प्रोफेसनल गल्फर्स एसोसिएसन (एनपिजीए) द्वारा आयोजित प्रतियोगितामा २६ प्रोफेसनल र १६ एमेच्योर गल्फरले प्रतिस्पर्धा गरिरहेका छन् । तीनदिने प्रतियोगिता कुल ५४ होलको हुनेछ । दोस्रो दिनपछि कट लागु हुने र जसमा १८ शीर्ष प्रो. र एमेच्योर गल्फरले अन्तिम १८ होलको लागि स्थान बनाउनेछन् । सूर्य नेपाल प्रालिद्वारा प्रायोजित प्रतियोगितामा विजेताले १ लाख ७० हजार तथा दोस्रो र तेस्रोले क्रमश : १ लाख २५ हजार र एक लाख रुपैयाँ प्राप्त गर्नेछन् ।

**उद्योग, कृषि तथा सहकारी मन्त्रालय**
कोशी प्रदेश, बिराटनगर

## निर्यातजन्य बाली वस्तुको निर्यात नमूना (Sample) परिक्षणमा सहयोग कार्यक्रमको सूचना प्रकाशन सम्बन्धमा

प्रथम पटक प्रकाशित मिति २०८२/१२/०५

यस मन्त्रालयको आ.व. २०८२/०८३ को बार्षिक कार्यक्रममा स्वीकृत रहेको निर्यातजन्य बाली वस्तुको निर्यात नमूना (Sample) परिक्षणमा सहयोग कार्यक्रमको लागि यो सूचना प्रकाशन गरिएको छ । यस कार्यक्रम मार्फत नियमानुसार सम्बन्धित निकायमा दर्ता भएका कोशी प्रदेश भित्रका निर्यातजन्य बाली वस्तुको उत्पादनगरी निर्यात गर्न चाहने ईच्छुक फर्म, उत्पादक, संस्था, समुह, सहकारी र कृषकहरुले आफ्नो उत्पादन विदेश निर्यातको लागि नमूना परिक्षण गर्न नमूना (Sample) विदेश पठाईएको नमूना परिक्षणको खर्चमा ५० प्रतिशत अनुदान लिन यो सूचना प्रकाशन भएको मिति ले २१ दिने भित्र यस मन्त्रालयमा सूचिकृत गर्नु हुन आव्हान गरिन्छ ।

थप जानकारीको लागि मन्त्रालयका कृषि अर्थ विज्ञ शर्वरी भट्टराई (९८६२६५६६९९) र कृषि प्रसार अधिकृत श्री अभिमन्यू अधिकारी (९८५२०३५०४९) लाई सम्पर्क गर्न सकिनेछ ।

**निवेदन साथ संलग्न कागजातहरु**

१. नियमानुसार व्यवसाय दर्ता भएको प्रमाण-पत्र, PAN/VAT दर्ता प्रमाण पत्र र कर चुक्ताको प्रमााण पत्र तथा नविकरणको प्रमाण पत्र
२. निर्यातजन्य बाली वस्तुको नाम
३. निर्यातजन्य बाली उत्पादन परिमाण (मे.टन मा)
४. निर्यात गर्न लागेको मुलुक
५. अघिल्लो आ.व.को लेखापरिक्षण प्रतिवेदनको प्रतिलिपी
६. सहकारीको हकमा कार्यसमितिको निर्णय प्रतिलिपी

# पुलिसविरुद्ध आर्मीको पकड

काठमाडौं, चैत ४ (नागरिक)- अनुभवी बलर सोमपाल कामी चम्किँदा त्रिभुवन आर्मी क्लबले जय ट्रफी इलाइट कपको फाइनलमा नेपाल पुलिसविरुद्ध पकड बनाएको छ ।

मूलपानीस्थित मूलपानी क्रिकेट मैदानमा मध्यम गतिका बलर सोमपाल एक्लैले पाँच विकेट लिएपछि फाइनलमा नेपाल पुलिस क्लबको इनिङ दबाबमा परेको छ । दुई दिनको खेल सकिँदा आर्मीले एक सय ७८ रनको अग्रता लिएको छ । दोस्रो इनिङमा आर्मी १७८/९ विकेटको अवस्थामा छ । आकाश चन्द १५ रनमा र सोमपाल शून्यमा क्रिजमा छन् । यी दुई ब्याटरले दुई सय ५० रनको अग्रतासम्म पुर्‍याउन सके पुलिसका लागि कठिन बन्न सक्नेछ । आकाश र सोमपाल दुवैमा धेरै समय क्रिजमा बिताउन सक्ने क्षमता पनि छ । दोस्रो दिन पिचमा ब्याटरले निकै संघर्ष गर्नु परेको थियो । तेस्रो दिन पनि ब्याटरका लागि यो पिचमा रन बटुल्न सहज हुने छैन । दुई सय ५० रनको आसपासको लक्ष्य भएमा पुलिसका लागि कठिन बन्न सक्नेछ । दुई स्पिनर ललित राजवंशी र सागर ढकालसँगै करण केसीले उत्कृष्ट बलिङ गरेपछि पुलिसले आर्मीको एकपक्षीय दबाब घटाएको हो । आर्मीको दोस्रो इनिङमा ललित, सागर र करणले समान तीन विकेट लिए । ललित जय ट्रफीमा ५० विकेट लिने पहिलो बलर पनि भए । आर्मीका कुशल मल्लले ३६ रन र भीम सार्कीले ३२ रन जोड्दा ओपनर तृतराज दास २० रनमा आउट भए ।

एक समय आर्मी १३०/८ को नाजुक अवस्थामा थियो । तर, नवौं नम्बरका ब्याटर साहज आलमले ३३ रन जोड्दै आर्मीको इनिङमा साथ दिए । उनी र आकाशबीच नवौं विकेटका लागि ४७ रनको साझेदारी भयो । करणले साहबलाई विकेटकिपर दिलसाद अलीबाट क्याच गराउँदै साझेदारी तोडेका हुन् । त्यसअघि पहिलो इनिङमा आर्मी २२१ रनमा नै अलआउट भएको थियो । पुलिस पनि पहिलो इनिङमा २२२ रनमा नै अलआउट हुन पुग्यो । पहिलो दिन सकिँदा पुलिस ४१/३ को कमजोर अवस्थामा थियो । दोस्रो दिन पुलिसले छिटै चौथो विकेट गुमाउन पुग्यो । ओपनर दिनेश खरेल १७ रनमा आउट भए । मध्य क्रमका ब्याटर तथा कप्तान आरिफ शेखले ४४ रन जोड्दै पुलिसको इनिङ समाले । तर, अर्को छेउबाट लगातार विकेट पतन भयो । एक समय पुलिस १३६/८ को नाजुक अवस्थामा थियो । यद्यपि, करणले अविजित ७२ रन बनाउँदै पुलिसको इनिङलाई दुई सय रन पार गराए । उनको इनिङमा सात चौका र दुई छक्का रह्यो । अनुभवी बलर सोमपालले पाँच र आकाशले दुई विकेट लिँदै पुलिसको इनिङलाई कमजोर बनाएका हुन् । साहब आलम, नरेन साउद र पवन कार्कीको नाममा समान एक विकेट रह्यो । फाइनल तीन दिवसीय फरम्याटमा हुँदै छ । यसअघि लिग चरणका खेल भने दुई दिवसीय फरम्याटमा भएको थियो ।

**Chautara Sangachokgadhi Municipality**
**Office of the Municipal Executive**
**Chautara, Sindhupalchok**

## Invitation for Electronic Bids

**Date of Publication: 2082/12/05 (19th Mar. 2026)**

The Chautara Sangachokgadhi Municipality, Chautara, Sindhupalchok invites electronic bids from nepali eligible Bidders for Procurement of the following works

| Contract Identification No. | Description | Bid Security Amount | Price of Bid Document | Bid Submission Last Date, Time | Bid Opening Date, Time |
|---|---|---|---|---|---|
| CSGM/SQ/ GOODS-03/082/083 | Procurement, Supply and Delivery of ICT Equipment for Chautara Sangachokgadhi Municipality, Chautara, Sindhupalchok | NRs. 45,000.00 | NRs. 1,000.00 | 2082/12/20 (3rd Apr. 2026) at 12:00 Hrs. | 2082/12/20 (3rd Apr. 2026) at 13:00 Hrs. |

1. Future Details bidders are requested to visit PPMO website www.bolpatra.gov.np/egp.
2. The Employer reserves the right to accept or reject, wholly or partly any or all the Bids without assigning any reason, whatsoever.

**Chief Administrative Officer**




**स्थानीय सरकार**
**पाँचपोखरी थाङपाल गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**थाङपालधाप, सिन्धुपाल्चोक**

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति : २०८२/१२/०५

देहायको निर्माण कार्यको लागि दर्ता भएका बोलपत्रहरु मध्ये तपसिल बमोजिमको बोलपत्रपत्रदाताको कबोल अङ्क सारभूत रुपमा प्रभावग्राही भएकाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ ।

| सि.नं. | बोलपत्र नं. | आयोजनाको नाम र ठेगाना | बोलपत्रदाताहरुको नाम र ठेगाना | कबोल रकम रू. (VAT र PS बाहेक ) |
|---|---|---|---|---|
| 1. | PTRM/WORKS/ NCB/08/2082/083 | Construction of Siureni Sichai Ward No.8 | Swoichha Construction Pvt.Ltd., Indrawati 5, Sindhupalchok | **38,16,671.72** (Thirty Eight lakh Sixteen Thousand Six Hundred Seventy One Rupees & Seventy Two Paisa only) |
| 2. | PTRM/WORKS/ NCB/10/2082/083 | Road Upgrading & Boundary Wall Construction Works of Ward No.08 | Namlang Engineering Consultant & Construction Pvt. Ltd., Panchpokhari Thangpal RM 07 Sindhupalchok | **17,05,047.00** (Seventeen Lakh Five Thousand Fourty Seven Rupees & Eighty Two Paisa only) |
| 3. | PTRM/WORKS/ NCB/11/2082/083 | Road Upgrading Works of Ward No.7 | Namlang Engineering Consultant & Construction Pvt. Ltd., Panchpokhari Thangpal RM 07 Sindhupalchok | **15,04,250.00** (Fifteen Lakh Four Thousand Two Hundred Fifty Rupees only) |
| 4. | PTRM/WORKS/ NCB/12/2082/083 | Construction Works of Thamrang Tole Khanepani Ward No.1 | Dong Prinsu Construction & Suppliers Pvt. Ltd., Melamchi 8 Sindhupalchok | **19,98,965.58** (Ninteen lakh Ninty Eight Thousand Nine Hundred Sixty Five Rupees & Fifty Eight Paisa only) |

Regd. No.: 115/045 PAN: 302425918

**निर्माण व्यवसायी संघ, बिराटनगर, मोरङ**
**Contractor's Association, Biratnagar, Morang**

मितिः २०८२/१२/०४

## प्रेस विज्ञप्ति

**इन्धन लगायतका निर्माण सामाग्रीको भएको भारी मूल्यवृद्धिप्रति महासंघको गम्भीर ध्यानाकर्षण**
**मूल्य स्थिर नहुँदासम्मको लागि Construction Holiday घोषणा गर्न सरकार समक्ष अनुरोध**

मध्यपूर्व र पश्चिम एशियामा देखिएको युद्धको परिवेशको कारण देखाउँदै नेपाल आयल निगमबाट निर्माण उद्योगमा अत्यधिक प्रयोग हुने डिजेल, पेट्रोल, मट्टितेल, एलपीजी ग्याँस सहितका इन्धन सामग्रीहरूमा मितिः २०८२/१२/०२ गते देखि लागु हुने गरी भएको भारी मूल्यवृद्धि प्रति यस निर्माण व्यवसायी संघ मोरंगको गम्भीर ध्यानाकर्षण भएको छ । निर्माण कार्य हुने अहिलकै सिजनमा इन्धन सामग्रीहरूमा भएको भारी मूल्यवृद्धिले निर्माण व्यवसायीहरूलाई ठूलो आर्थिक भार पर्नुका साथै पूर्वाधार खर्च बढ्न गई नेपाल सरकारका सार्वजनिक निकायहरूलाई नै आर्थिक बोझ थपिने निश्चित छ । इन्धन सामग्रीहरूमा भएको भारी मूल्यवृद्धि बाहेक हालै निर्वाचनको मौका पारेर नेपालमा सिमित आयातकर्ताहरूले कार्टेलिङ गर्दै सडक निर्माणमा प्रयोग हुने बिटुमिनको पनि कृत्रिम अभाव सिर्जना गरी निर्माण व्यवसायीहरूलाई ठूलो आर्थिक समस्यामा पारिरहेको अवगत गराउन चाहन्छौं । यस संघलाई प्राप्त जानकारी अनुसार केही सिमित ठूला आयातकर्ताहरूले निर्माण व्यवसायीबाट बुकिङ बापत अग्रीम पैसा र लेटर अफ क्रेडिट (बैंकको भुक्तानी ग्यारेन्टी पत्र) लिएर त्यहीबाट बिटुमिन नेपाल ल्याएर गोदाममा थन्क्याउँदै 'अहिले बिटुमिन दिन सक्दिनँ पैसा फिर्ता लैजाऊ' भनिरहेको अवस्था सिर्जना भएको छ । आयातकर्ताहरूको यस किसिमको बदमासीका कारण विशेष गरी सडक निर्माणमा संलग्न व्यवसायीहरू समस्यामा परेका छन् । सडक कालोपत्रे सुरु भएपछि बिटुमिनको अभाव हुँदा कालोपत्रे गर्न ठिक्क पारिएको सडकमा थप क्षति हुने सम्भावना प्रबल भएको र बुकिङ गर्दाको मूल्यभन्दा अहिले प्रतिलिटर ४० रुपैयाँसम्म मूल्यवृद्धि हुँदा निर्माण व्यवसायीहरू दोहोरो पीडामा परेका छन् । अझ पछिल्लो समय भारतले बिटुमिनको निर्यात बन्द गरेका कारण मुलुकको निर्माण उद्योग थप प्रताडित भएको छ । निर्वाचनकै माहोलबीच सिमित उद्योगीहरूले फलामे डन्डी र सिमेन्टमा पनि मूल्यवृद्धि गर्दा सरकारी पूर्वाधार मात्र होइन निजी क्षेत्रको पूर्वाधारमा पनि ठूलो आर्थिक भार थपिएको छ । हाल फलामे डन्डी प्रतिकेजी ८५ रुपैयाँबाट अहिले एक सय रुपैयाँ पुर्‍याइएको छ भने सिमेण्टमा पनि प्रति बोरा रु. ५० सम्म मूल्यवृद्धि भएको छ । सिमित उद्योगीहरूले मूल्यवृद्धिसँगै कार्टेलिङ गरी उत्पादनमा समेत कटौती गरेकाले भुक्तानी अभाव लगायतका कारण अत्यन्त सकसमा रहेको निर्माण उद्योग थप समस्याग्रस्त भएको छ । खुल्ला अर्थतन्त्रको नीति विपरित गरिएको यस किसिमको अव्यवहारिक एवं अवैज्ञानिक मूल्यवृद्धि दण्डनीय अपराध हो । **अतः सार्वजनिक खरिद ऐन र नियमावली अनुसार प्रत्येक आयोजनामा मूल्यवृद्धि भएअनुरुप मूल्य समायोजनको व्यवस्था गर्न निर्माण व्यावसायी संघ मोरंग नेपाल सरकारका सम्बन्धित निकाय समक्ष जोडदार माग गर्दछ । मूल्यवृद्धि स्थिर नभएसम्म सम्पूर्ण आयोजनाहरूको निर्माण कार्य हाललाई स्थगित गर्न यस संघ बाध्य हुने व्यहोरा समेत अवगत गराउँदछौं । साथै एकातिर बजारमा निर्माण सामग्रीको मूल्यवृद्धि हुने र अर्कोतर्फ राष्ट्रबैंकबाट जारी हुने मूल्य सूचकाङ्क (Price Index) वास्तविक नहुने भएकाले मूल्य स्थिर नहुँदासम्मको लागि सरकारको तर्फबाट नै Construction Holiday घोषणा गर्न पनि यस संघ सरकार समक्ष अनुरोध गर्दछ ।**

महेश कुमार मिश्र
अध्यक्ष

नेपाल रिपब्लिक मिडियाद्वारा प्रकाशित तथा मुद्रित, जेडिए कम्प्लेक्स, बागदरबार, काठमाडौं, रजिस्टर्ड नं. १६३/०५४/०५५, फोन : ५३६५१००, फ्याक्स : ५३५२२६२, इमेल : nagarik@nagariknews.com, अध्यक्ष : शोभा ज्ञवाली, प्रधान सम्पादक : गुणराज लुइँटेल